**रंगेली नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
रंगेली ,मोरङ्ग
प्रदेश नं. १, नेपाल

# *बालुवा,भरौट उत्खनन गरी बिक्रि गर्ने कार्यको सूचना*

प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७८/८/०७

यस रंगेली नगरपालिका क्षेत्र भित्र बग्ने निम्न खोलाहरुबाट बालुवा र भरौट संकलन तथा बिक्रि गर्न तपशिल बमोजिम उल्लेखित न्यूनतम अंकमा नघटने गरि आ.ब.**०७८/७९ को** लागि सामाग्री सप्लाई गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरु वा सप्लायर्स वा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सामाग्री बिक्रि गर्ने कार्यको लागि रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्ववानको सूचना प्रकाशित गरिएको छ ।

१.दरभाउपत्र फारम खरिद गर्न इच्छुक ब्यबसायीहरु वा सप्लायर्स सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७८/०७९ को नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा सप्लायर्सको प्रमाणपत्र,ब्यवसाय ईजाजतपत्र,स्थायी लेखा दर्ता न. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र(भ्याट)को विवरण पेश गरेको कागजात सहित पेश गर्नुपर्ने छ ।

२.दरभाउपत्र फाराम दस्तुर निम्नानुसार(फिर्ता नहुने गरि) नगद यस कार्यालयको नेपाल कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको **राजश्व खाता नं.ग**(१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नगद राजश्व शाखामा तिरेको रसिद यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।

३.खरिद गरिएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२.०० बजे भित्र नगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., दरभाउपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई अनिवार्य रुपमा लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

४.दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको १.०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५.शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने काम हुनेछ ।

६. दरभाउपत्र सम्बन्धि कागजात दाखिला गर्दा दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७.दरभाउपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिइएकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

८.शिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको **धरौटी खाता नं. ग**(३)**०६०१४०११५०२५७०७९** मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा **१०५** दिन म्याद भएको (खोलिने दिन देखि) जमानी पत्र समावेश भएको हुनु पर्नेछ ।

९.ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी १०(दश) प्रतिशतसम्म छुट दिन सकिनेछ । एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता रकम ठेक्का अंकको ५० प्रतिशत र अन्य दुई किस्ता २५ प्रतिशत / २५ प्रतिशतमा विभाजन गरिने छ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगाबै बुझाउनु पर्नेछ ।दोस्रो किस्ता फाल्गुन र अन्तिम किस्ता बैशारख मसान्तमा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१०. निर्माण सामग्री निकाल्दा स्वीकृत IEE Report अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पुलमा, संरक्षण क्षेत्र, राजमार्ग, बाटो, आदिबाट ५००/५०० मी. दायाँ बायाँ बाहिरबाट र खोलाको किनारको दुबै पट्टि १५/१५ मी किनारा छाडी निकाल्नु पर्नेछ ।

११. नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE Report ले तोके बमोजिम मात्र निमार्ण सामाग्री निकाल्नुपर्नेछ ।

१२. विदेशी मित्र राष्ट्रबाट सोझै संचालन हुने आयोजनाका निमित प्रयोग हुने बालुवा र भरौट जस्ता सामाग्रीको हकमा नेपाल सरकारसंग गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख रहेछ भने सोमा कर लिन पाईने छैन ।

१३.कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४.दरभाउपत्र सम्बन्धी केही बुझ्नुपरेमा यस कार्यालयको Website-rangelimun@gmail.com वा मो.न. ९८१७३१६०३१ वा ९८४१८६३२३६मा सम्पर्क राख्न सकिने छ ।

१५. कर शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्ने छ नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१६.यस नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर असूल गर्नुपर्ने छ । सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाईनेछैन ।

१७ यस ठेक्काको अबधि सम्झौता भएको मिति देखि २०७९ साल जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

१८.दरभाउपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम (न्यूनतम) | न्यूनतम लई अंक (भ्याट सहित) | फाराम दस्तूर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एस.सि./१०/०७८/७९ | रंगेली नगरपालिका भित्र चिसाङ र बक्राहा खोलाको भण्डारी बनकरुवाघाट, झमनपुरघाट ,गोपाल कामत घाट र आर्यघाट दक्षिण खोलाबाट बालुवा तथा भरौट संकलन तथा बिक्रि गर्ने कार्य,रंगेली ३,४,७,८ र ९ रंगेली मोरङ | ५९,६००.०० | ११९००१२.०४ | १००० | |

प्रमुख प्रशासकीय अधिकृत